**आकाशवाणी खरसाङः प्रादेशिक समाचार– नेपाली**

**मितिः १८ जून २०२६**
समयः १८:५० – १६:०५ बजे *(अवधि १५ मिनट)*
**<u>प्रमुख समाचार</u>**

१. पश्चिम बंगाल विधान सभाको बबजेट सत्र आज देखि राज्यपाल आर.एन रविको अभिभाषणका साथ शुरू भएको छ।
२. विधानसभामा राज्यश्पाल आर.एन रविले गोरखा ल्याण्ड समस्याके स्थायी राजनीतिक समधान गरिने बताउनु भएको छ।
३. टिएमसी विद्रोही विधायक ऋतब्रत व्यानर्जीलाई विधानसभामा विपक्षको नेता विषयमाििि रोक लगाउने टिएमसीको याचिका उच्च अदालतद्वारा अस्वीकार ।
४. संसदको श्रम, वस्त्र तथा कौशल अनि याचिका संबधित दुइ-संसदीय स्थायी समितिकासदस्यहरूको दार्जीलङ भ्रमण।
५. चुनाव पछि राज्यमा केन्द्रिय बलहरूको तैनीका ठूलो कटौती ।

**<u>पश्चिम बंगाल बजेट</u>**

पश्चिम बंगालविधानसभाको बजेट सत्र राज्यपाल आर.एन रवि को अभिभाषण्का साथ आज देखि शुरू भएको छ। भारतीय जनता पार्टी नेतृत्वको सरकारको यो पहिलो बजट अधिवेशन हो। आफ्नो अभभाष्ज्ञणमा राज्यपाल महोदयले मुख्यमंत्री शुभेन्दु अधिकारीको सरकारको प्रशंसा गर्दै राज्यको सर्वागींण विाकास, आज मानिसहरूको सुरक्षा र समृद्धिका लागि प्राथमिकता साथ सरकारले काम गर्ने बताउनुभयो। उहाँले देश्को एकता , सुरक्षा र समृद्धिका लागि सरकार प्रतिबद्ध रहने बताउनु भयो। उहाँले भन्नुभयोः-

उहाँले नयाँ भाजा सरकार समक्ष धेरै चुनोतीहरू रहेता पनि राजयका मानिसहरूको आकांक्षालाई पूरा गर्ने तथा वंचित वर्गको कल्याणका लागि सरकारको प्रतिबद्धतालाई दोहोरयाउनु भयो। उत्तर बंगालको विकासलाई प्राथमिकता दिइने भन्दै चिया उध्योगलाई पुनरद्वार गरिने भन्नुभयो
बाईट .- एसपिरेशन

उहाँले भन्नुभयो देशको सुरक्षा तथा अवैध अनुप्रवेशलाई रोक्न बीएसएफ लाई ८५.७६ ऐकड़ भूमि आवंटित गरिसकिएको छ। उहाँले अवैध घुषपैठीहरूलाई डिटेक्ट , डिर्पोट, अर्थात िचिन्हित गर्ने तथा फिर्ता पठाएउने काम शुरू भएको बताउनु भयो। उहाँले कानुनको राज कायम गरिने तथा महिला र बालिकाहरू विरूद्धको हिन्सा प्रति शुन्य सहिष्णुताकोनीति सरकारले अपनाउने भन्नुभयो।
उाहाँले आम जनताको सुरक्षा र मर्यादालाई कायम गरिने , हिन्सा , भ्रष्टाचार , दादागिरी ,आपराधिक सेन्डिकेटहरूको अन्त गरिने , अवैध अतिक्रमण हटाईने , धार्मिक स्वतंत्रता कायम गरिने अनि भारतीय न्याय संहिता पूर्ण रूपले लागु बगरिने बताउनुभयो।
उहाँले गोरखाल्याण्डको उल्लेख गर्दै दीर्घकालिन यस समस्याको साीयी राजनीतिक समाधान गरिने बताउनुभयो। यसका लागि सबै संबोधित पक्षहरूसित कुराकानी गरि स्थायी समाधान सरकारले निकाल्ने भनी बताउनु भयो । बाईट गोरखाल्याण्ड
उहाँले केन्द्र सरकारकासबै योजनाहरू अब राज्यमा लागु हुने पनि बताउनुभयो।गोरखाल्याण्ड समस्यको स्थयी राजनीतिक समधानको बजट सत्रमा राज्यपालको अभिभाज्ञषणमा उल्लेखलाई पहाड़का प्रायः सबै दलका नोताहयले अत्यन्त महत्वपूर्ण तथा सार्थक परिणामकारी बाताएका छन्।

**<u>टिएमसी विद्रोही</u>**

तृणमूल कांग्रेस विद्रोह गरि फूटका ६० भन्दा बढ़ी विधायक हरूले अलग गुट बनाएको तथा विधानसभा अध्यख रथिन्द्र बोसले मान्यता दिएकोलाई चुनोती न्दिै कलकत्ता उच्च अदालतमा टिएमसी ले दायर गरेको मुद्दामा अदालतबाअ पूर्व मुख्यमंत्री ममता व्यानर्जीलाई ठूलो झटका लागेको छ। यसका साथै टिएमसी विधायक शेभन्देवले ऋततब्रतलाई तनेता विपक्ष बनाइएकोलाई अदालतमा चुनौती दिएको थिए तथा तत्काल रोक लगाउने मांग गरेका थिए।

**<u>ममता ब्यानर्जीको सुरक्षा व्यवस्थामा परिवर्तन</u>**

पश्चिम बंगालकी पूर्व मुख्यमन्त्री तथा तृणमूल कांग्रेस सुप्रिमो ममता ब्यानर्जीको सुरक्षा व्यवस्थामा गरिएको परिवर्तनबारे तृणमूल कांग्रेसले राज्य सरकारलाई प्रश्न गरेको छ। पार्टीले आरोप लगाएको छ, विगत दुई दशकदेखि ममता ब्यानर्जीको सुरक्षामा

तैनाथ सरकारी सुरक्षाकर्मी (पीएसओ) हरूलाई हटाइएको छ।
राज्यसभामा तृणमूल कांग्रेसका नेता डेरेक ओ'ब्रायनले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा यो जानकारी साझा गर्नु भएको छ। उहाँ अनुसार हिजो साँझ धर्मतलाबाट सुभाष मल्लिक स्क्वायरसम्मको मार्चमा सुश्री ममता ब्यानर्जीको सुरक्षामा पुराना पुलिसकर्मीहरू तैनाथ थिए तर साँझ 7.30 बजीतिर उनीहरूलाई हटाएर नयाँ सुरक्षाकर्मीहरू लगाइयो। डेरेक ओ'ब्रायनले दाबी गर्नु भयो, हटाइएका सुरक्षाकर्मीहरू लगभग 20 वर्षदेखि ममता ब्यानर्जीको सुरक्षामा संलग्न थिए। तृणमूल कांग्रेसले यो परिवर्तनले धेरै प्रश्नहरू उठाएको बताएको छ।
यसैबीच दक्षिण कोलकाताको कालीघाटस्थित ममता ब्यानर्जीको निवास बाहिर कुनै पनि सम्भावित अप्रिय घटना हुन नदिन अस्थायी 'व्यू कटर' वा दृश्य अवरोध जड़ान गरिएको छ। सूत्रहरू अनुसार, यो व्यवस्था सुरक्षा कारणले गरिएको हो, जसले निवासभित्रका गतिविधिहरूको प्रत्यक्ष निगरानीलाई रोक्छ।
नवान्न सूत्रहरू अनुसार, सुरक्षा निदेशनालय पूर्व मुख्यमन्त्रीको निवासको सुरक्षाको लागि जिम्मेवार छ र यो अस्थायी संरचना स्थापना गर्ने निर्णय त्यही स्तरमा सुरक्षा समीक्षापछि गरिएको थियो।

**केन्द्रिय सुरक्षा बलको तैनाथीमा कटौती**

पश्चिम बङ्गालमा केन्द्रिय सुरक्षा बलहरूको तैनाथीमा ठूलो कटौती गरिएको छ। राज्य विधानसभा चुनाउ-2026 लाई मध्यनजर गर्दै तैनाथ गरिएको केन्द्रिय बलहरूको सङ्ख्या चुनाउपछि पनि कानून व्यवस्थालाई कायम राख्नको लागि 500 कम्पनी थियो, अब त्यसलाई घटाएर 150 कम्पनी बनाइएको छ।
सूत्र अनुसार वर्तमान समयमा राज्यमा व्याप्त शान्ति एवं सामान्य कानून व्यवस्थाको स्थितिलाई मध्यनजर गर्दै यो निर्णय लिइएको हो। मुख्यमन्त्री शुभेन्दु अधिकारीको सरकारले कानून-व्यवस्थालाई कायम राख्नको लागि राज्य पुलिस अनि प्रशासनलाई पूर्ण स्वतन्त्रता दिएको छ। यसैलाई ध्यानमा राखेर केन्द्रिय बलहरूको सङ्ख्यालाई घटाउने फसेला लिइएको छ। विधानसभा चुनाउको परिणाम घोषणा भएपछि राज्य सचिवालय नवान्नसहित विभिन्न संवेदनशील स्थानहरूमा केन्द्रिय बलहरूलाई तैनाथ गरिएको थियो। त्यसताक सरकारी दस्तावेज तथा अखिलेखहरूको सुरक्षा सुनिश्चित गर्नको लागि विशेष निगरानी राख्ने निर्देश पनि दिइएको थियो। त्यसपछिदेखि नवान्नको सुरक्षा गर्ने दायित्व पनि केन्द्रिय बलका जवानहरूसितै थियो। नवान्नमा प्रवेश अनि निकास अवधि कर्मचारीहरूको पहिचान पत्रको जाँच एवं ब्यागहरूको खोजी पनि केन्द्रिय बलहरूद्वारा नै गरिन्थ्यो। तथापि हिजोदेखि नवान्न बाहिर तैनाथ केन्द्रिय बलहरूलाई हटाइएको छ। प्रशासनिक सूत्रको भनाइ छ, सुरक्षा व्यवस्थाको नयाँ ढाँचा पहिला नै तय गरिसकिएको छ।

**राज्यकै सर्वाधिक ठुलो दार्जीलिंग बिजनबारी पंचायत समितिमा भाजपाको बोर्ड**

राज्यमा सत्ता परिवर्तन

**खर्सांग -पंचायत समिति बोर्ड बिघटन**

भारतीय गोर्खा

**भारतीय रेलवे पूर्वी रेलवे**

भारतीय रेलवेले पूर्वी रेलवेको

**उदयन गुहा- पक्राउ**

पश्चिम बंगालमा

**आकाशवाणी खर्सांग -दावा येल्मो निधन**

आकाशवाणी

**********